प्रभु क्यापिटल लिमिटेड
कमलादी, काठमाडौं, फोन नं. ४२२२९३९, ४२२२९८७, फ्याक्स:४२२२८०२
E-mail:info@prabhucapital.com, Web: www.prabhucapital.com

नवौ वार्षिक साधारण सभाको विवरण

# निर्णय माईन्युट

मिति : २०७४ साल असोज ६ गते शुक्रबार (२२ सेप्टेम्बर, २०१७)

स्थान : -याडिसन होटेल, लाजिम्पाट, काठमाण्डौं ।

समय : दिनको १.०० बजे ।

# श्री प्रभु क्यापिटल लिमिटेड

२०७४ साल असोज ०६ गते शुक्रबारका दिन सम्पन्न भएको

**नवौं वार्षिक साधारण सभाको विवरणहरु (माईन्युट)**

**१. बैधानिक सभा :**

कम्पनी ऐन, २०६३ बमोजिम कम्पनीको नवौं बार्षिक साधारण सभा कम्पनीका संचालक समितिका अध्यक्ष श्री विनोद थकाली ज्युको सभापतित्वमा तल उल्लेखित मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल तथा देहाय बमोजिम निर्णय भयो ।

**२. सभाको मिति, स्थान र समय :**

मिति : २०७४ साल असोज ६ गते शुक्रबार (२२ सेप्टेम्बर, २०१७)

स्थान : -याडिसन होटेल, लाजिम्पाट, काठमाण्डौं ।

समय : दिनको १.०० बजे ।

**३. सभाको सूचना प्रकाशन :**

क) साधारण सभा हुने मिति, स्थान, समय र सभामा छलफल हुने विषयवस्तुहरु सहितका विवरणहरु खुलाई मिति २०७४/०५/१५ गते कारोबार राष्ट्रिय दैनिक र मिति २०७३/०५/२२ गते राष्ट्रिय अभियान दैनिक सूचना प्रकाशन गरि सम्पुर्ण शेयरधनी महानुभावलाई जानकारी गराईएको थियो ।

ख) संचालक समितिको प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण तथा सो संग सम्बन्धित अनुसूचिहरु साथै अन्य प्रस्तावका विषयहरु सहितको वार्षिक प्रतिवेदनको पुस्तिका शेयरधनी महानुभावहरुको कम्पनीमा उपलब्ध भएको ईमेल ठेगानामा पठाईसकिएको कुरा सभा संचालक कम्पनी सचिवले सभामा जानकारी गराउनु भयो ।

ग) नवौं वार्षिक साधारण सभामा पर्यवेक्षकको रुपमा उपस्थीत भई दिनका लागि श्री कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड र नेपाल स्टक एक्सचेन्ज लिमिटेडलाई अनुरोध गरि पत्र पठाएको कुरा कम्पनी सचिवले जानकारी दिनु भयो ।

घ) नवौं वार्षिक साधारण सभामा उपस्थित भै दिनको लागि बाह्रय लेखापरिक्षक श्री संजय चन्द्र बस्नेत (एम.जि.एस. एण्ड एसोसीएटस् चार्टर्ड एकाउन्टेन्टस्), आन्तरीक लेखापरिक्षक श्री निल बहादुर सारु मगर (पार्टनर : एन.बि.एस.एम. एण्ड एसोसीएटस् चार्टर्ड एकाउन्टेन्टस्) र कानुनी सल्लाहकार श्री भिमसेन बन्जारा लाई समेत अनुरोध गरिएको जानकारी गराईयो ।

**४. सभामा प्रस्तुत छलफलको बिषय सूची :**

**क) सामान्य प्रस्तावहरु** :

१. आ.व. २०७३/०७४ को संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७४ आषाढ मसान्तसम्मको वासलात र सोही मितिमा समाप्त आ.व. २०७३/०७४ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका संग्लन वित्तिय विवरणहरु स्विकृत गर्ने ।

३.कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व.२०७४/७५ को लागि लेखापरिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४.सचालक समितिले प्रस्ताव गरे अनुसार आ.व. २०७३/०७४ मा २० प्रतिशत नगद लाभांश स्वीकृत गर्ने बारे ।

५. “क” समुहबाट सचालक समितिमा भएको परिवर्तनलाई अनुमोदन गर्ने ।

**ख) विविध ।**

५. सभामा उपस्थिति (कम्पनी ऐन, २०६३ को दफा ६८ बमोजिम) :

क)	संचालकहरुको उपस्थिति :

| | | |
|---|---|---|
| १) | श्री विनोद थकाली | अध्यक्ष |
| २) | श्री सुभाष अमात्य | संचालक |
| ३) | श्री लक्ष्मण ज्ञवाली | संचालक |
| ४) | श्री भुपिन्द्र खत्री | संचालक |
| ५) | श्री भेषराज खतिवडा | संचालक |
| ६) | श्री भोला प्रसाद पाठक | संचालक |

ख)	आमन्त्रितहरुको उपस्थिति :

| | | | |
|---|---|---|---|
| १) | श्री अशोक शेरचन | - | प्रमुख कार्यकारी अधिकृत (प्रभु बैक लिमिटेड) |
| २) | श्री फत्त बहादुर के.सी. | - | पूर्व अध्यक्ष - बिमा समिति एवं शेयरधनी |

ग)	पदाधिकारीहरुको उपस्थिति

| | | | |
|---|---|---|---|
| १) | श्री सुजिन शाक्य | - | महाप्रबन्धक/ कम्पनी सचिव |
| २) | श्री बासु थपलिया | - | प्रमुख व्यापार अधिकृत |
| ३) | श्रीमति सरस्वती कार्की | - | अधिकृत |
| ४) | श्रीमति बसन्ता उपाध्याय | - | अधिकृत |
| ५) | श्री रंग बहादुर साउँद | - | कनिष्ट अधिकृत |

घ)	शेयरधनीहरुको उपस्थिति :

१)	बिक्रि भएको शेयर (संख्यामा) : ७,००,०००

२)	कूल शेयरधनी संख्या : ५७

३)	स्वयं उपस्थित २२ जना शेयरधनीबाट प्रतिनिधित्व भएको शेयर संख्या : ४,५६,०००

४)	प्रतिनिधिद्धारा  प्रतिनिधित्व भएको शेयर संख्या : -

५)	जम्मा उपस्थित शेयरधनी संख्या : २२ जना

६)	जम्मा उपस्थिति शेयरधनीद्धारा प्रतिनिधत्व भएको शेयर संख्या : ४,५६,०००

७)	जम्मा शेयर संख्याको प्रतिनिधित्व (प्रतिशतमा) : ६५.१४ प्रतिशत

६.	सभाको गणपुरक संख्या :

| कुल शेयर संख्या | कुल शेयरधनी | स्वयं उपस्थित शेयरधनी संख्या | जम्मा उपस्थित शेयरधनी | कुल उपस्थित प्रतिशत |
|---|---|---|---|---|
| ७००,००० | ५७ | २२ | २२ | ६५.१४ |

७. सभाको बैधानीकता :

क) साधारण सभा शुरु हुनु अघि सभामा उपस्थित शेयरधनीहरु लगायत सम्पुर्ण महानुभावहरुलाई कम्पनी सचिवले कम्पनी तथा आफ्नो तर्फबाट स्वागत अभिवादन गर्दै कम्पनी ऐन, २०६३ तथा प्रचलित कानुन बमोजिम कम्पनीको आठौ बार्षिक साधारण सभा बोलाईएको जानकारी गराउनु भयो ।

ख) सभा संचालनका लागि कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम साधारण सभाको लागि आवश्यक गणपुरक संख्या पुगेको र प्रचलित ऐन कानुन बमोजिम सभा बैधानिक रहेको जानकारी कम्पनी सचिवले सभामा दिनु भयो ।

ग) तत्पश्चात, कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार आवश्यक सूचनाहरु पठाईएको र गणपुरक संख्या पनि पुगेको हुँदा सभा रीतपुर्वक बोलाईएकोले सभा मन्जुर गर्दै पुर्व सूचित सभाको निर्धारित बिषय सूचि उपर छलफल गर्न मन्जुर गरियो ।

८. सभाको सभापतित्व र सभा संचालन :

कम्पनी ऐन, २०६३ को दफा ७४ बमोजिम साधारण सभाको अध्यक्षता संचालक समितिको अध्यक्षले गर्नुपर्ने व्यवस्था भए बमोजिम कम्पनी सचिवले समितिका अध्यक्ष श्री विनोद थकालीज्युलाई सभाको अध्यक्षता ग्रहण गरिदिनु हुन आग्रह गर्नु भयो । साथै प्रभु बैक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत सहित अन्य संचालकहरुले पनि क्रमशः सभामा आ-आफ्नो आसन ग्रहण गर्नुभयो ।

९. वार्षिक साधारण सभाको औपचारिक उद्घाटन :

नवौं बार्षिक साधारण सभाको औपचारिक उद्घाटनको लागि कम्पनी सचिवले सभाका अध्यक्षलाई अनुरोध गर्नु भए बमोजिम सभाका अध्यक्षले पानसमा बत्ती बाली सभाको औपचारिक उद्घाटन गर्नुभयो ।

१०. सभा संचालनको अनुमति :

सभाको कार्यवाही अगाडि बढाउन तथा छलफलका लागि पुर्व निर्धारित विषय सूचिहरु सभामा प्रस्तुत गर्न सभा अध्यक्षबाट कम्पनी सचिवलाई अनुमति प्रदान भयो ।

११. प्रस्तावहरुको प्रस्तुति :

अध्यक्षज्युको अनुमति अनुसार सभाको कार्यबाहीलाई अगाढि बढाउने क्रममा संचालक समितिको तर्फबाट कम्पनीको आ.ब. २०७३/०७४ को बार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न कम्पनी सचिवले सभाका अध्यक्षलाई अनुरोध गनुभयो र सोही बमोजिम सभाका अध्यक्षले सभामा पढेर सुनाउनुभयो ।

**प्रतिवेदन उपर छलफल :**

अध्यक्षले प्रस्तुत गर्नुभएको संचालक समितिको प्रतिवेदन उपर छलफलको क्रममा सभामा उपस्थित शेयरधनीहरुले निम्न बमोजिम आफ्नो जिज्ञासा, प्रश्न एवं सुझाव राख्नुभयो ।

**श्री अशोक शेरचन-प्रमुख कार्यकारी अधिकृत (प्रभु बैक लिमिटेड)** प्रभु बैक लिमिटेडको सहायक कम्पनीको रुपमा यसै बर्ष देखि प्रभु क्यापिटल लिमिटेडले कारोबार शुरु गरिसकेकोले बैकको ब्राण्डको कारणले गर्दा क्यापिटलको व्यापार प्राप्तिमा समेत सहज हुने, सहायक कम्पनी भएपछि प्रभु बैक बाट क्यापिटलको व्यवस्थापनमा श्री सुजिन शाक्यलाई क्यापिटलको महा प्रवन्धकको रुपमा पठाईएको र उहाँले आगामी दिनमा आफनो विशेषज्ञता प्रयोग गरी कम्पनीलाई अगाडी बढाउने र सो कार्यको लागी कम्पनीका संस्थापकहरुको सहयोगको आवश्यकता रहेको, सम्रगमा अहिले क्यापिटलको व्यापार मर्जरको कारण र कम्पनीहरु पब्लिक लिमिटेडमा रुपान्तरण नभईरहेको कारणले गर्दा व्यापारमा केही संकुचन पैदा भएको हरेक बैकले आफनो सहायक कम्पनीको स्थापनाको कारणले गर्दा शेयर रजिष्ट्रारको काममा कमी भईरहेको, कम्पनी स्थापनामा समावेश भएका विभिन्न बैक तथा वित्तीय संस्थाहरुको सहयोगमा बजार विस्तार गर्न सहज हुने, कर्मचारीहरुको क्षमता अभिवृ– गर्न कार्यको प्रकृति अनुसार बैकमा On The Job Training को व्यवस्था गर्ने ।

**डा. फत्त बहादुर के.सी. (संस्थापक शेयरधनी)** : यस प्रभु क्यापिटल लिमिटेड नवौ बार्षिक साधारण सभा गर्ने हैसियत आर्जन गरेकोले यस क्यापिटलको प्रगति हिडने होइन दौडिने हनुपर्ने, बजारमा चुनौतकिा साथ साथै अवसर पनि आउने भएकोले परम्परागत व्यापारमा मात्र निर्भर नभएर Target Customers लाई पहिचान गरी Innovative Product ल्याउने, आफनो व्यापार विस्तार गर्न Relationship, Connectivity, Networking जस्ता Marketing Tools लाई विस्तार गर्ने, Service, साथ साथै Service को Quality लाई समेत ध्यान दिने, क्यापिटल व्यवस्थापनमा Young Energetic Team भएको हुनाले सञ्चालकले दिएको जिम्मेवारीलाई सही तरीकाले कार्यान्वयन गर्न सक्षम रहनेछ ।

**शेयरधनी महानुभावहरुबाट व्यक्त गरिएका उपरोक्त जिज्ञासा एवं सुझावहरुका सम्बन्धमा सभाका अध्यक्षज्युले निम्न बमोजिम जवाफ दिनुभयो ।**

**छलफलको क्रम समाप्ती :**

शेयरधनी महानुभावहरुले राख्नु भएको जिज्ञासा एवं सुझावहरुको सम्बन्धमा अध्यक्षज्युले जवाफ दिनु भए पछि र अन्य शेयरधनी महानुभावहरुबाट कुनै जिज्ञासा प्राप्त नभएकाले कम्पनी सचिवले छलफलको क्रम समाप्त भएको जानकारी सभामा गराउनु भयो ।

**अन्य प्रस्तावहरुको प्रस्तुती :**

अध्यक्षज्युले प्रस्तुत गर्नुभएको संचालक समितिको बार्षिक प्रतिवेदन उपर शेयरधनी महानुभावहरुको छलफल तथा सो को जवाफको क्रमको समाप्ति पछि कम्पनी सचिवले उक्त प्रस्तावलाई पारित गरिदिन सभालाई अनुरोध गर्दै क्रमशः अन्य प्रस्तावहरुलाई समेत सभा समक्ष प्रस्तुत गर्नुभयो र सभाबाट देहाय बमोजिम प्रस्तावहरु पारित, अनुमोदन तथा स्वीकृत गर्ने निर्णय भयो ।

**सामान्य प्रस्ताव नं. १ :**

संचालक समितिका अध्यक्ष श्री विनोद थकाली ज्युले पेश गर्नु भएको संचालक समितिको तर्फबाट अध्यक्षज्युको आ.ब. २०७३/०७४ को बार्षिक प्रतिवेदन सभाबाट सर्वसम्मतीबाट पारित भयो ।

**सामान्य प्रस्ताव नं. २ :**

लेखापरिक्षको प्रतिवेदन सहितको २०७४ आषाढ मसान्तको वासलात तथा सोहि मितिमा समाप्त आ.ब.०७३/०७४ को नाफा नोक्सान तथा नगद प्रवाह सहितको वित्तीय विवरण स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव सभामा प्रस्तुत भएपछि उपस्थित शेयरधनी महानुभावबाट सर्वसम्मतिबाट परित भयो ।

**सामान्य प्रस्ताव नं. ३ :**

हालका बाह्य लेखापरिक्षक श्री संजय चन्द्र बस्नेत (एम.जि.एस. एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस्) ले बिगत ३ आर्थिक वर्ष देखि लेखापरिक्षण गरिरहनु भएकोले, कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम बाह्य लेखापरीक्षकको नियुक्तीको प्रकृया शुरु गरी २०७४/०५/२७ को सञ्चालक समितिको सिफारीस बमोजिम लेखा परिक्षण सम्बन्धी कार्य गर्ने विभिन्न लेखा परिक्षकहरुबाट प्रस्ताव माग गरेकोमा कार्यअनुभव तथा प्रस्तावित लेखापरिक्षण शुल्कको आधारमा श्री श्याम कार्की एण्ड कम्पनीले सबैभन्दा कम लेखापरीक्षण शुल्क रु.८०,०००।- (अक्षरेपी असी हजार मात्र) कर बाहेकको रकम प्रस्ताव गरेकोले आ.व. २०७४/०७५ को लेखापरिक्षण गर्न सञ्चालक समितिबाट सिफारीस भई आएकोले श्री श्याम कार्की एण्ड कम्पनीलाई नियुक्ति गर्ने प्रस्ताव सर्वसम्मतिले पारीत गर्ने निर्णय भयो ।

**सामान्य प्रस्ताव नं. ४ :**

संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पुँजीको २० प्रतिशत का दरले हुने रकम रु.१,४०,००,०००.०० (अक्षरेपि एक करोड चालिस लाख मात्र) (कर समेत) नगद लाभांस वितरण गर्ने प्रस्ताव सभामा स्वीकृतिका लागि पेश गरेकाले सो प्रस्ताव उपर सभामा छलफल हुँदा पास गर्ने निर्णय भयो ।

**सामान्य प्रस्ताव नं. ५ :**

संचालकहरु श्री अम्बिका शर्मा लामिछाने श्री सुरज कुमार श्रेष्ठले संचालक पद बाट दिनुभएको राजिनामा स्वीकृत गरी संचालक समितिले समुह “क” तर्फको संचालकहरुमा प्रभु बैक लिमिटेडको तर्फबाट प्रभु बैंकमा कार्यरत श्री भेष राज खतिवडा र श्री भोला प्रसाद पाठकलाई संचालक पदमा नियुक्त गर्न पत्रचार भएबमोजिम नियुक्ती भएका श्री भेष राज खतिवडा र श्री भोला प्रसाद पाठकको नियुक्ति लाई सर्वसम्मतीले पारीत गर्ने निर्णय गरीयो ।

वर्तमान संचालक समितिलाई अनुमोदन गर्न साधारण सभामा स्वीकृतीका लागि पेश गरेकाले सो प्रस्ताव उपर सभामा छलफल हुँदा पास गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

**विविध प्रस्ताव :**

विविध प्रस्ताव अन्तर्गत अन्य कुनै प्रस्ताव नभएको ब्यहोरा कम्पनी सचिवले सभामा जानकारी गराउनु भयो ।

**१२. सभा बिसर्जन :**

सभाका सभापति श्री विनोद थकालीज्युले अपरान्ह २.०० बजे बार्षिक साधारण सभा समापन भएको घोषणा गर्नु भयो ।

| | |
|---|---|
| ................. | .................. |
| सुजिन शाक्य | विनोद थकाली |
| कम्पनी सचिव | अध्यक्ष |

सभा सम्पन्न मिति : २०७४ साल असोज ०६ गते शुक्रबार ।